# ओमसतिया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हाटीफर्साटिकर रुपन्देही
## लुम्बिनी प्रदेश नेपाल

### शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/१२/११**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० र यस गाउँपालिकाको मिति २०८१/१२/०५ को कार्यपालिकाको निर्णय बमोजिम यस गाउँपालिकांले आफ्नो क्षेत्राधिकार भित्र बिज्ञापन कर कवाडी कर आ. व २०८१/०८२ को बाकी अवधि र आगामी आ. व २०८२/०८३ को लागि नियमित सेवा शुल्क (राजश्व) उठाउने प्रयोजनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक नेपाली ब्यक्ति, संस्था फर्म वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्न सम्बन्धित सबैका जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल:**

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम अंक (मू.अ.कर समेत) | धरौटी |
|---|---|---|---|---|
| १. | **ORM/IR/03/081/82** | विज्ञापन कर | ५,५०,०००।–(पाच लाख पचास हजार मात्र) | कबोल रकमको ५ प्रतिशत |
| २ | **ORM/IR/04/081/82** | कवाडी कर | ७,००,०००।– (सात लाख मात्र) | कबोल रकमको ५ प्रतिशत |

**शर्तनामा**

१. सूचना प्रकाशन भएको मितिले १५ औ दिन भित्र यस कार्यालयको एनएमबी बैंक ठुटिपिपल शाखामा रहेको ग १.१ आन्तरिक राजश्व खाता ०४०००५७७६४५०००२४ ओमसतिया गाउँपालिका मा रु.१,०००।– एक हजार पछि फिर्ता नहुने गरी जम्मा गरेको सक्कल भौचर वा नगदै बुझाई बोलपत्र फारम यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ ।यसका लागि व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,स्थायी लेखा नम्बर र फर्म वा कम्पनी भए फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, VAT/PAN प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी निवेदन दिनुपर्नेछ।

२. रितपुर्वक भरिएको शिलबन्दी बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ। दर्ता भएको शिलबन्दी बोलपत्रहरु सोही दिनको १.०० बजे यस कार्यालयमा उपस्थित बोलपत्र दाताहरु वा नीजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोहि समय कायम हुनेछ। शिलबन्दी बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि शिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन।

३. बोलपत्र भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखि पेश गर्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ। बोलपत्र दाखिला गर्दा शिलवन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, बोलपत्रदाताको नाम र ठेगाना आदी स्पष्ट रुपमा खुलाउनुपर्नेछ। शिलबन्दी बोलपत्रमा बोलपत्रदाताले रीतपूर्वक BOQ र शर्तनामामा अनिवार्य सहीछाप गरेको हुनुपर्नेछ।

४. शिलबन्दी बोलपत्र साथ कबोल अङ्कको 5% धरौटी बापतको रकम यस कार्यालयको एनएमवि बैंक लिमिटेड, ठुटिपिपल, शाखामा रहेको ग.३ धरौटी खाता ०४०००५७७६४५०००४७ ओमसतिया गाउँपालिका मा नगदै जम्मा गरेको सक्कल भौचर वा कम्तीमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको सक्कल बैंक जमानी पत्र (बिडबण्ड) अनिवार्य रुपमा सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ।

५. बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले सम्झौता गर्न आउँदा कवोल अंकको पचास प्रतिशत कार्यसम्पादन जमानत (PBG) वा नगद जम्मा गरेको सक्कल बैङ्क भौचर वा बैङ्क जमानत र स्वीकृत कबोल अंकलाई २ बराबर भागमा बाँडी हुन आउने पहिलो किस्ताको रकम बोलपत्र स्वीकृत भएको जनाउ पाएको मितिले ७ दिन भित्र र दोस्रो किस्ता वापतको बाँकी सम्पूर्ण रकम २०८२ पुष मसान्त भित्र बुझाई सक्नुपर्नेछ।

६. ठेकेदार र कार्यालय बिचमा ठेक्का सम्बन्धी कुनै किसिमको विवाद उत्पन्न भएमा अन्तिम निर्णय गाउँपालिका कार्यालयकै हुनेछ। एक फर्म व्यक्तिको नामबाट खरिद भएको बोलपत्र अर्को फर्म व्यक्तिको नामबाट दर्ता गर्न पाईने छैन।

७. बोलपत्रदाताले आफु आफ्नो फर्म कालो सूचीमा नपरेको स्वघोषणापत्र पेश गर्नुपर्नेछ र व्यक्तिको हकमा सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० तोकेका अयोग्यताहरु नभएको स्वघोषणा गर्नु पर्नेछ।

८. ठेक्का सन्चालन गर्ने समय अवधि भित्र काबु बाहिरको परिस्थिती उत्पन्न भएमा आपसी सहमतीमा उचित निर्णय गरिनेछ। बोलपत्र सम्बन्धी अन्य थप जानकारी लागि यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राखि बुझन सकिनेछ।

९. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०. अन्य जानकारीको लागि कार्यालय समयभित्र राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

**कृष्ण प्रसाद पन्थी**

प्रमुख प्रशासकीय अधिकृत